# आफ्नो

## आपत्कालिन सामग्रीमा पानी समावेश गर्नुहोस्







**www.regionalh2o.org/personal-preparedness**


# आफ्नो

## आपत्कालिन सामग्रीमा पानी समावेश गर्नुहोस्







**www.regionalh2o.org/personal-preparedness**

# आपत्कालिन पानी आपूर्ति भण्डारण गर्ने कार्य सजिलो छ

तपाईंको आपत्कालिन पानी आपूर्ति तपाईंले पसलबाट किनेको बोतलको पानी हुनसक्छ वा तपाईंले आफ्नै भाँडोमा भरेर राख्न सक्नुहुन्छ। यदि तपाईंले बोतलको पानी खरिद गर्नुभयो भने, यसलाई मूल भाँडोमा नै राख्नुहोस् र तपाईंलाई प्रयोग गर्नु आवश्यक नपरेसम्म यसलाई नखोल्नुहोस्।

यदि तपाईंले आफ्नै भाँडोको प्रयोग गर्नुभयो भने, यसमा राम्ररी बिर्को लागेको छ, र भाँडो खानेकुरा राख्न मिल्ने प्लास्टिक वा पानी राख्नको लागि निर्माण गरिएको स्टील हो भन्ने कुरालाई निश्चित गर्नुहोस् र यसलाई प्रयोग गर्नुभन्दा पहिले धाराको पानीमा राम्ररी सफा गर्नुहोस्।

## भाँडो सफा गर्ने

1. भाँडो र यसको बिर्कोलाई राम्ररी धुनको लागि भाँडा माझ्ने साबुन र सफा पनीको प्रयोग गर्नुहोस्।
2. भाँडोलाई सफा पानीले राम्ररी पखाल्नुहोस्।
3. घरमा चलाउने एक चियाचम्चा क्लोरिनलाई चार कप पानीमा घोल्नुहोस्।
4. भाँडोमा यो घोललाई हाल्नुहोस्, यसको बिर्को हालेर बिर्को राम्ररी कस्नुहोस्।
5. छेउ-कुना सफा हुने गरी भाँडोलाई 30 सेकेन्डसम्म हल्लाउनुहोस्।
6. उक्त घोललाई खन्याउनुहोस् र रित्तो भाँडोलाई हावाले सुक्न दिनुहोस्।

## सफा गरिएको भाँडो भर्ने

1. भाँडोलाई माथिसम्मै भर्नुहोस् — यसको मुखमा हातले नछुनुहोस् वा धाराको टुप्पाले नछुवाउनुहोस् किनभने यसले तपाईंको पानी वा भाँडालाई दूषित गर्नसक्छ।
2. यो चरण तपाईंको पानी कहाँबाट आउँछ त्यसको आधारमा फरक हुनसक्छ:

| | |
|---|---|
| **यो इनार वा अन्य असुरक्षित पानीको स्रोतबाट आएको पानीमा मात्रै लागू हुन्छ** → | तपाईंलाई प्रति ग्यालेन 1/8 चियाचम्चा घोलको आवश्यकता पर्नेछ |
| **किनभने यसलाई पहिले नै घोल हालेर किटाणुमुक्त गरिएको हुन्छ** → | कुनै स्थानको पानी प्रदायकबाट प्राप्त पानीमा तपाईंले घोल हाल्नु पर्दैन |

3. बिर्को लगाउनुहोस्। बिर्को लगाउने क्रममा बिर्कोको मुनि वा भित्रपट्टि नछुनुहोस् र यसलाई कसिलो गरी सुरक्षित गर्नुहोस्।
4. भाँडोमा लेबल टाँसेर मिति उल्लेख गर्नुहोस् ताकि तपाईंले यो कहिले भर्नुभएको हो सो कुरा थाहा हुनेछ।

## पानी भण्डारण गर्दा गर्न हुने र गर्न नहुने कुराहरू

**गर्नुहोस्** पसलबाट बोतलको पानी किन्नुहोस् वा पानी भण्डारण गर्नको लागि आफ्नै सामग्री प्रयोग गर्नुहोस्।

**गर्नुहोस्** क्याम्पिङ वा आउटडोर स्टोरहरूमा पाइने वा दुई लिटरको सोडा बोतल जस्ता खानेकुरा राख्न मिल्ने भाँडोहरूको प्रयोग गर्नुहोस्।

**नगर्नुहोस्** गलसको भाँडो वा पहिले दूध वा जुस राखिएको जगहरू, वा रसायनपदार्थ वा रङ्गको लागि प्रयोग गरिएको भाँडो प्रयोग नगर्नुहोस्।

**गर्नुहोस्** हरेक 6 महिनामा पुरानो पानीलाई हटाएर नयाँ पानी परिवर्तन गर्नुहोस् (यो त्यति खराब हुँदैन, त्यसकारण तपाईंलाई आपत्कालिन रूपमा पानी चाहियो र पानी छ महिनाभन्दा पुरानो छ भने पनि यसलाई प्रयोग गर्न सक्नुहुन्छ)

**गर्नुहोस्** आफूले सक्नेजति पानी भण्डारण गर्नुहोस् (यदि आवश्यक परे, सानोदेखि सुरु गर्नुहोस् र आफ्नै आपूर्ति निर्माण गर्नुहोस्)

**गर्नुहोस्** पानीलाई चीसो, अँध्यारो स्थानमा भण्डारण गर्नुहोस् (सम्भव भएमा)

क्षेत्रीय पानी प्रदायक संघ (Regional Water Providers Consortium) ठूलो पोर्टल्यान्ड वा महानगरीय क्षेत्रमा महानगरीय पानी आपूर्तियोजना र व्यवस्थापनलाई सुधार गर्नको लागि काम गर्ने सहकारी र समन्वय संस्था हो। यो संघ, यसका सदस्यहरू, र आपत्कालिन तयारी, पानी संरक्षण, र क्षेत्रीय सहकार्यहरूको बारेमा थप जान्नको लागि, यो वेबसाइटमा जानुहोस् www.regionalh2o.org

पुनर्नवीनीकरण गरिएको कागजमा प्रिन्ट गरिएको

© Regional Water Providers Consortium 2018

# आपत्कालिन पानी आपूर्ति भण्डारण गर्ने कार्य सजिलो छ

तपाईंको आपत्कालिन पानी आपूर्ति तपाईंले पसलबाट किनेको बोतलको पानी हुनसक्छ वा तपाईंले आफ्नै भाँडोमा भरेर राख्न सक्नुहुन्छ। यदि तपाईंले बोतलको पानी खरिद गर्नुभयो भने, यसलाई मूल भाँडोमा नै राख्नुहोस् र तपाईंलाई प्रयोग गर्नु आवश्यक नपरेसम्म यसलाई नखोल्नुहोस्।

यदि तपाईंले आफ्नै भाँडोको प्रयोग गर्नुभयो भने, यसमा राम्ररी बिर्को लागेको छ, र भाँडो खानेकुरा राख्न मिल्ने प्लास्टिक वा पानी राख्नको लागि निर्माण गरिएको स्टील हो भन्ने कुरालाई निश्चित गर्नुहोस् र यसलाई प्रयोग गर्नुभन्दा पहिले धाराको पानीमा राम्ररी सफा गर्नुहोस्।

## भाँडो सफा गर्ने

1. भाँडो र यसको बिर्कोलाई राम्ररी धुनको लागि भाँडा माझ्ने साबुन र सफा पनीको प्रयोग गर्नुहोस्।
2. भाँडोलाई सफा पानीले राम्ररी पखाल्नुहोस्।
3. घरमा चलाउने एक चियाचम्चा क्लोरिनलाई चार कप पानीमा घोल्नुहोस्।
4. भाँडोमा यो घोललाई हाल्नुहोस्, यसको बिर्को हालेर बिर्को राम्ररी कस्नुहोस्।
5. छेउ-कुना सफा हुने गरी भाँडोलाई 30 सेकेन्डसम्म हल्लाउनुहोस्।
6. उक्त घोललाई खन्याउनुहोस् र रित्तो भाँडोलाई हावाले सुक्न दिनुहोस्।

## सफा गरिएको भाँडो भर्ने

1. भाँडोलाई माथिसम्मै भर्नुहोस् — यसको मुखमा हातले नछुनुहोस् वा धाराको टुप्पाले नछुवाउनुहोस् किनभने यसले तपाईंको पानी वा भाँडालाई दूषित गर्नसक्छ।
2. यो चरण तपाईंको पानी कहाँबाट आउँछ त्यसको आधारमा फरक हुनसक्छ:

| | |
|---|---|
| यो इनार वा अन्य असुरक्षित पानीको स्रोतबाट आएको पानीमा मात्रै लागू हुन्छ → | तपाईंलाई प्रति ग्यालेन 1/8 चियाचम्चा घोलको आवश्यकता पर्नेछ |
| किनभने यसलाई पहिले नै घोल हालेर किटाणुमुक्त गरिएको हुन्छ → | कुनै स्थानको पानी प्रदायकबाट प्राप्त पानीमा तपाईंले घोल हाल्नु पर्दैन |

3. बिर्को लगाउनुहोस्। बिर्को लगाउने क्रममा बिर्कोको मुनि वा भित्रपट्टि नछुनुहोस् र यसलाई कसिलो गरी सुरक्षित गर्नुहोस्।
4. भाँडोमा लेबल टाँसेर मिति उल्लेख गर्नुहोस् ताकि तपाईंले यो कहिले भर्नुभएको हो सो कुरा थाहा हुनेछ।

## पानी भण्डारण गर्दा गर्न हुने र गर्न नहुने कुराहरू

**गर्नुहोस्** पसलबाट बोतलको पानी किन्नुहोस् वा पानी भण्डारण गर्नको लागि आफ्नै सामग्री प्रयोग गर्नुहोस्।

**गर्नुहोस्** क्याम्पिङ वा आउटडोर स्टोरहरूमा पाइने वा दुई लिटरको सोडा बोतल जस्ता खानेकुरा राख्न मिल्ने भाँडोहरूको प्रयोग गर्नुहोस्।

**नगर्नुहोस्** गलसको भाँडो वा पहिले दूध वा जुस राखिएको जगहरू, वा रसायनपदार्थ वा रङ्गको लागि प्रयोग गरिएको भाँडो प्रयोग नगर्नुहोस्।

**गर्नुहोस्** हरेक 6 महिनामा पुरानो पानीलाई हटाएर नयाँ पानी परिवर्तन गर्नुहोस् (यो त्यति खराब हुँदैन, त्यसकारण तपाईंलाई आपत्कालिन रूपमा पानी चाहियो र पानी छ महिनाभन्दा पुरानो छ भने पनि यसलाई प्रयोग गर्न सक्नुहुन्छ)

**गर्नुहोस्** आफूले सक्नेजति पानी भण्डारण गर्नुहोस् (यदि आवश्यक परे, सानोदेखि सुरु गर्नुहोस् र आफ्नै आपूर्ति निर्माण गर्नुहोस्)

**गर्नुहोस्** पानीलाई चीसो, अँध्यारो स्थानमा भण्डारण गर्नुहोस् (सम्भव भएमा)

क्षेत्रीय पानी प्रदायक संघ (Regional Water Providers Consortium) ठूलो पोर्टल्यान्ड वा महानगरीय क्षेत्रमा महानगरीय पानी आपूर्ति योजना र व्यवस्थापनलाई सुधार गर्नको लागि काम गर्ने सहकारी र समन्वय संस्था हो। यो संघ, यसका सदस्यहरू, र आपत्कालिन तयारी, पानी संरक्षण, र क्षेत्रीय सहकार्यहरूको बारेमा थप जान्नको लागि, यो वेबसाइटमा जानुहोस् www.regionalh2o.org

पुनर्नवीनीकरण गरिएको कागजमा प्रिन्ट गरिएको

© Regional Water Providers Consortium 2018